# १

# यस संसारमा हाम्रो लक्ष्य वा मिसन

*यस अध्यायका मूल पदहरू:* मत्ती ५:१४-१६, लूका २४:४८,४९, यूहन्ना २०:२१, मत्ती २८:१९,२० र प्रकाश १४:६-१२।

*स्मरण गर्नुपर्ने पद:* **"सारा संसारमा राज्यको यस सुसमाचारको प्रचार गरिनेछ। सारा राष्ट्रहरूको सामु त्यो गवाही हुनेछ। अनि संसारको अन्त्य हुनेछ।" (मत्ती २४:१४ रूपान्तरित)।**

**येशूले आफ्नो सेवाकार्य सुरू गर्दा उहाँले पत्रुस र आन्द्रुलाई आफ्ना चेलाहरू बन्न आह्वान गर्नुभएको थियो।** त्यसको अर्थ अरूहरूलाई येशूतिर डोऱ्याउने जिम्मा तिनीहरूको थियो। उहाँले तिनीहरूलाई भन्नुभयो: "मानिसहरूलाई मेरो उपासक बनाउने जिम्मा तिमीहरूलाई दिनेछु। त्यसकारण तिमीहरू मलाई पछ्याउ।" (मत्ती ४:१९ भावानुवाद)। पछि उहाँले बाँकि दस जनालाई नियुक्त गर्नुभयो। ती बाऱ्ह जना उहाँसँग रहन चुन्नुभएको थियो। उहाँबाट तालिम पाएपछि सुसमाचार सुनाउने काममा निपुण भएर खटिएर जान सकोस् भन्ने उहाँको चाहना थियो (मर्कूस ३:१४)। सुसमाचार सुनाउने क्रममा येशूले पहिले बाऱ्हजनालाई पठाउनुभयो र पछि सत्तरी जनालाई खटाउनुभएको थियो। (मत्ती १०:५-१५, लूका १०:१-१२)। पुनरुत्थान हुनुभएको चालिसदिनसम्म उहाँ चेलाहरूको सामु धेरैपल्ट देखापर्नुभएको थियो (१ कोरन्थी १५:३-८)। र सारा संसारमा गएर सुसमाचार प्रचार गर्ने जिम्मा उहाँले तिनीहरूलाई दिनुभएको थियो (प्रेरित १:२,३)। सुसमाचार प्रचार गर्ने काम उहाँले तिनीहरूलाई घरिघरि दिनुभएको थियो। येशूका मुखारबाट निस्केका प्रत्येक वचन कुनै पनि सुसमाचारका लेखकहरूले लेखेका थिएनन्। तर प्रत्येकले येशूको निर्देशनलाई केही न केही मात्रामा उल्लेख गरेका थिए। सुमाचारका प्रत्येक लेखकले सुसमाचार सुनाउने येशूको निर्देशनलाई विभिन्न भागहरूमा उल्लेख गरेका थिए। त्यसले गर्दा विभिन्न लेखकहरूले औंल्याएका सुसमाचर सुनाउने लक्ष्य र कसरी सुनाउने भन्ने उपाय

हामीहरूको सामु अत्यन्त महत्त्वपूर्ण निर्देशनको रूपमा प्रस्तुत भएको छ।

येशू आफैले दिनुभएको सुसमाचार सुनाउने निर्देशनका विभिध पक्षहरू यस अध्यायमा हामी नियाल्नेछौं।

## १. संसारको ज्योति हुन आह्वान (मत्ती ५:१४-१६)

हामी प्रत्येक विश्वासी र चर्च समूह समेतलाई येशूले के हुन आह्वान गर्नुभएको छ सो मत्ती ५:१४-१६मा भनिएको पढ्नुहोस्: **"तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।"**

बाइबल भरि ज्योतिलाई परमेश्वरसँग जोडिएको छ। ज्योति र परमेश्वरको बीचमा अत्यन्त अत्यन्त घनिष्ठ सम्बन्ध भएको पाइन्छ। भजनका लेखक दाउदले गाएका थिए "परमेश्वर मेरो ज्योति हुनुहुन्छ।" (भजन २७:१)। यूहन्नाले भनेका थिए "परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कुनै पनि अन्धकार छैन।" (१ यूहन्ना १:५ रूपान्तरित)। परमेश्वर ज्योति सृजना गर्ने हुनुहुन्छ। संसारको सृष्टिमा सबभन्दा पहिले उहाँले ज्योति वा प्रकाश सृष्टि गर्नुभएको थियो। संसारको जिवित थोकहरूको निम्ति प्रकाश अपरिहार्य तत्व भएकोले नै उहाँले यो पहिला सृष्टि गर्नुभएको थियो।

परमेश्वर र ज्योतिको बीचमा अत्यन्त निकट सम्बन्ध छ। ज्योतिलाई आत्मज्ञान, सत्य, बौद्धिकता र ईश्वरिय तत्व भनेर शब्दचित्र मार्फत बाइबलले वर्णन गरेको छ। ज्योतिमा हिँड्नु भनेको परमेश्वरको चरित्रमा हिँड्नु हो (एफिसी ५:८, १ यूहन्ना १:७)। त्यसको अर्थ हामीमा परमेश्वरको जस्तै सोच र भावना हुनु हो। मानव कल्याणको निम्ति उहाँले जस्तै काम गर्नु हो। प्रतिकको रूपमा ज्योति परमेश्वरलाई जनाउँछ भने अन्धकारलाई शैतानसँग जोडिन्छ। त्यसैकारण अगमवक्ता यशैयाले भन्छन् "अन्धकारलाई ज्योति र

ज्योतिलाई अन्धकार भन्नेहरू कस्तो भयानक नतिजामा पर्नेछन्" (यशैया ५:२० रूपान्तरित)।

येशू परमेश्वरको सनातन पुत्र हुनुहुन्छ। उहाँ "मानिसहरूको ज्योति हुनुहुन्छ। प्रत्येक मानिसलाई ज्योति वा बौद्धिक ज्ञान दिने उहाँ नै पक्का ज्योति हुनुहुन्छ" (यूहन्ना १:४,९ रूपान्तरित)। पापले छोपेको यस अन्धकार संसारलाई चम्काउने क्षमता उहाँमा मात्रै छ। येशूद्वारा नै हामीमा "परमेश्वरको महिमाको ज्ञानको ज्योति" पाउनेछौं (२ कोरन्थी ४:६ रूपान्तरित)। त्यसको अर्थ उहाँको चरित्रलाई जनाउँछ।

जब हामी ख्रीष्टलाई हाम्रो मुक्तिदाता भनेर ग्रहण गर्छौं तब हामी ज्योतिका सन्तान हौं भनेर दावी गर्न सक्छौं (यूहन्ना १२:३६, १ थेस्सोलोनिकी ५:५ रूपान्तरित)। तर हामी आफैमा ज्योति वा आत्मज्ञान छैन। जसरी चन्द्रमाले सूर्यको किरणलाई प्रतिविम्ब गर्दछ त्यसरी नै हामीले परमेश्वरको ज्योतिलाई केवल प्रतिबिम्बमात्र गर्न सक्छौं। यदि हामीमा परमेश्वरको ज्योति वा आत्मज्ञानलाई हामीहरूको हृदयमा चम्किन दियौं भने हामीहरूको अनुहार वा जीवनबाट हामीले उहाँको प्रतिबिम्ब गर्दछौं। यदि हामीमा येशूको सच्चा ज्योतिलाई चम्काउन दियौं भने हामीहरूले असल कामहरू गर्नेछौं तर ती असल कामहरूले हामीहरूको  भाउ देखाउन वा हामी कत्तिको भलादमी वा असल छौं भनेर जस लिन होइन तर हामीहरूको कामले परमेश्वरको महिमा अरूले देखुन् भन्ने नियतले हामी परिचालित हुन्छौं। प्रभुको नाउँमा हामी जे गर्छौं त्यसले उहाँको सम्मान हुनुपर्छ, हामीले सम्मान खोज्ने होइन। यस्तो परमेश्वरको मात्र भाऊ खोज्ने नियत हामीमा त्यसबेला हुन्छ जब हामीमा येशूको आत्मिक ज्योति चम्किन्छ वा चम्काउन दिन्छौं।

"यदि हामीहरूको हृदयमा ख्रीष्ट रहनुहुन्छ वा रहन दिन्छौं भने उहाँको उपस्थितिबाट ल्याउने ज्योति वा चमकलाई लुकाउन असम्भव हुन्छ। ख्रीष्टका उपासकहरू हौं भनेर कसैले दाबी गर्छन् तर तिनीहरूमा दिने ज्योति छैन वा तिनीहरूको उपस्थितिले मानिसहरूको हृदयमा उज्यालोपना ल्याउँदैन भने, त्यसको कारण एउटै छ त्यो हो तिनीहरूले ज्योतिदिनेसँग सम्पर्क गरेको छैन।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग" पृ. ४१बाट रूपान्तरित।

टेबुलमुनि, टोकरीमुनि वा ओछ्यानमुनि राख्न (मर्कूस ४:२१ रूपान्तरित) बत्ति बाल्नु कस्तो हास्यास्पद होला होइन त? तर प्रायजसो ख्रीष्टको ज्योतिलाई हामीले त्यही प्रकारले किन लुकाउँछौं? येशूको लुकिएको वा निश्क्रिय भएको उपासक वा इसाई पाथीमुनी वा खाटमुनि रहेको बत्ति जस्तै हो। अन्धकार रातमा त्यस्तो खालको बत्तीको काम छैन। त्यसकारण "उठ्नुहोस्, चम्किनुहोस्, किनकि तपाईंमा ज्योति चम्किरहेको छ। र परमेश्वरको महिमा तपाईंमा प्रज्वलित भइरहेको छ" (यशैया ६०:१ रूपान्तरित)।

बत्ती आफै अदृष्य छ। यसले कुनै न कुनैमा प्रतिबिम्ब गर्नुपर्छ। नत्र भने हामी यसलाई देख्न सक्दैनौं। विश्वासीहरू ज्योति हुन् र अरूको माझमा चम्किनुपर्छ भन्ने आत्मज्ञान त्यस बत्तिको उपमाबाट हामी के सिक्न सक्छौं?

**२. येशूका साक्षीहरू (लूका २४:४८)**

येशूको पुनरुत्थानपछि चेलाहरूसँग भएको उहाँको प्रथम भेट अत्यन्त महत्त्वपूर्ण थियो। ती चेलाहरू निराश र भयले आत्तिएका थिए। येशूको बारेमा तिनीहरू अलमलमा परेका थिए। डरले छटपटिएर तिनीहरू कोठाका ढोकाहरू थुनेर एक आपसमा मुखामुख गरेर बसेका थिए। तर तिनीहरूको बीचमा अकस्मात येशू देखापर्नुभयो र उभिनु भयो। स्पष्ट र न्यानो आवाजले तिनीहरूलाई उहाँले सम्बोधन गर्नुभयो: "तिमीहरूमा शान्ति होस्।" तीन छक्क पर्दै डरले तिनीहरूको सातोपुत्लो गएको थियो। तिनीहरूको आँखाले के देखिरहेका छन् र कानले के सुनीरहेका थिए सो तिनीहरूले विश्वासै गर्न सकेन। येशूले तिनीहरूको त्रसित भावनालाई बुझ्नुभयो र कोमल स्वभावले तिनीहरूलाई उहाँले उहाँका हात र पाउहरू देखाउनुभयो। र अनि उहाँले धर्मशास्त्र बाइबलले उहाँको बारेमा भनेका सबै कुराहरू वाख्या गर्नुभयो। त्यस रातमा भएको उहाँको उपस्थिति र वचनले तिनीहरूमा ठूलो परिवर्तन ल्याएको थियो। तिनीहरूमा भएका तिनीहरूको शोक, चिन्ता, शङ्का र अविश्वास उहाँले हटाउनुभएको थियो। उहाँले तिनीहरूको हृदयमा शान्ति र आनन्द भरिदिनुभयो। आफू मृत्युबाट जीवनमा फर्कनुभएको प्रमाण उहाँले तिनीहरूलाई दिनुभएको थियो।

अनि जब तिनीहरूमा येशूको बारेमा भएको शङ्का हट्यो तब यस संसारमा उहाँ आउनुको लक्ष्यलाई वाख्या गर्नुभयो। र साथै तिनीहरूको महत्त्वपूर्ण जिम्मेवारीको बारेमा उहाँले बिस्तारै बुझाउनुभयो। उहाँको मृत्यु, पुनरुत्थान, उहाँमा भएको पापलाई क्षमा गर्ने र मानिसहरूको जीवन परिवर्तन गर्ने शक्तिको बारेमा मानिसहरूको बीचमा प्रचारप्रसार गर्ने कामको जिम्मा उहाँले तिनीहरूलाई दिनुभएको थियो (लूका २४:४६-४८)। तिनीहरूले उहाँ मर्नुभएको देखेका थिए। अब उहाँ पुनरुत्थान भएको पनि तिनीहरूले देख्न पाएका थिए। त्यसकारण उहाँ सारा संसारको मुक्तिदाता हुनुहुन्छ भनेर गवाही दिने सक्षम् हुनपुगेका थिए।

साक्षी बक्ने मानिसले आफूले देखेका कुराहरू भन्छ। व्यक्तिगत रूपमा कसैले केही भएको देखेभने त्यो घटनाको दर्शक भएकोले जोसुकै पनि साक्षी बन्न सक्छ। हामीले पनि हामीहरूको आफ्नै अनुभवले हामीहरूलाई के भयो भनेर अरूलाई  भन्न सक्छौं। तर अरूको लागि साक्षी बन्न सक्दैनौं। येशूले हामीलाई के गर्नुभयो भनेर पापबाट उद्धार पाएका हामी पापीहरूले अरूलाई भन्ने हामीहरूको गरिमामय अवसर हो।

**पवित्र आत्मा हामीहरूको जीवनमा आउनु र ख्रीष्टको निम्ति साक्षी बनेर प्रचार गर्नुको बीचमा के सम्बन्ध छ? हेर्नुहोस् पुरानो करारको साथै नयाँ करारका पुस्तकहरूमा दिएका केही पदहरूः लूका २४:४५-४९ "तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ।,४तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।", प्रेरित १:८ "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" , यशैया ४३:१०-१२ "परमप्रभु भन्नुहुन्छ,**

**"तिमीहरू मेरा साक्षी र मैले चुनेका दास हौ, र तिमीहरूले मलाई चिन्न र विश्वास गर्न सक, अनि म उही हुँ भनी बुझ्न सक। मभन्दा अघि कोही ईश्वर नै बनिएको थिएन, न त म पछि कोही हुनेछ। ११ म, हो, म नै परमप्रभु हुँ। मबाहेक अरू कोही मुक्तिदाता छैन। १२ मैले प्रकट गरेको छु, बचाएको छु र घोषणा गरेको छु– तिमीहरूका बीचमा मैले यो गरेको हुँ, अन्य ईश्वरले होइन। तिमीहरू मेरा साक्षी हौ, कि म नै परमेश्वर हुँ," परमप्रभु भन्नुहुन्छ।" र यशैया ४४:८ "तिमीहरू नडराओ, न त थरहरी होओ। के मैले तिमीहरूलाई धेरै अघि नै घोषणा गरेर यो देखाएको होइनँ र? तिमीहरू मेरा साक्षी हौ। के मबाहेक अरू परमेश्वर छ र? अँहँ, कोही चट्टान छैन, म यस्तो कसैलाई चिन्दिनँ।"**

पवित्र आत्माको अगुवाइ गर्ने शक्ति चेलाहरूका हृदयमा गाभिएमात्र विश्वासीहरूको साक्षीमा प्रभावकारी हुन्छ भनेर प्रेरितको पुस्तकले छर्लङ्ग गरेको पाउँछौं। पवित्र आत्मा पाएपछि मात्र "चेलाहरूले ठूलो शक्ति पाएर निरन्तररूपमा तिनीहरूको आफ्नो शिक्षादीक्षामा लागिरहे। प्रभु येशू मरेकोबाट बौरी उठ्नुभयो भन्ने सन्देश आफू प्रतक्ष्यदर्शी भएको भनेर तिनीहरूले प्रचार गरे।" (प्रेरित ४:३३ रूपान्तरित)। त्यसको अर्थ तिनीहरू आफैले देखेका, सुनेका र अनुभव गरेका कुराहरूको बारेमा खुला रूपमा र प्रभावकारी तरिकाले सुनाउने खुबी पवित्र आत्माले तिनीहरूलाई सजाइ दिएका थिए। त्यही प्रकारले यदि हामी ख्रीष्टको बारेमा साक्षी बक्न चाहन्छौं भने हामी आफैले देखेका र भोगेका कुराहरू सधैं समावेश हुनु अत्यन्त जरुरी छ।

**प्रभुसँग तपाईंको व्यक्तिगत अनुभव के छ? तपाईंको जीवनमा परमेश्वरले के गर्नुभयो जुन् अरूलाई भन्न सक्नुहुन्छ?**

## ३. त्यसरी नै म तिमीहरूलाई संसारको बीचमा पठाउने छु (यूहन्ना २०:२१)

चेलाहरूले **माथिको कोठामा** येशूको मृत्युपछि उहाँको बारेमा सोचिरहेको बेलामा उहाँ तिनीहरूको बीचमा पहिलोपल्ट देखापर्नुभएको थियो भने युहन्नाले आफ्नो सुमाचारको पुस्तकमा उल्लेख गरेका छन्। साथै यूहन्नाले अर्को भाग उल्लेख गरेका छन् जुन लूकाले आफ्नो सुसमाचारको पुस्तकमा उल्लेख गरेका थिएनन्।

**म इसाई हुँ वा येशूभक्त हुँ भनेर दाबी गर्ने प्रत्येक व्यक्तिको गहिरो जिम्मेवारी के छ भनेर येशूले वाख्या गर्नुभएको यूहन्ना २०:२१मा यूहन्नाले कसरी उल्लेख गरेका छन्? हेर्नुहोसः "तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।"**

उपरोक्त कथन केही दिन अगाडि येशूले आफ्नो प्रार्थनामा यसरी उल्लेख गरिसक्नुभएको थियो "हे परमेश्वर  पिता जसरी तपाईँले मलाई यस संसारमा पठाउनुभयो त्यसरी नै मैले तिनीहरूलाई संसारमा पठाइ सकेको छु।" कसैले कसैलाई खटाउनु भनेको खटाइएको व्यक्तिमाथि खटाउनेले अधिकार सम्पन्न गरि पठाएको भनेर जनाउँछ। खटिने व्यक्तिमाथि खटाउनेले आफ्नो प्रभुत्त्व कायम गरेको हुन्छ। कुनै निश्चित लक्ष्यको जिम्मेवारी दिएर त्यस मानिस खटिन्छ। (खटिने मानिस आफ्नो भाऊ खोज्दै केही नगरि बस्न अधिकार दिएको हुँदैन)। संसारका मानिसहरूले उद्धार पाउन् भनेर परमेश्वर पिताले येशूलाई यस संसारमा पठाउनुभएको थियो (यूहन्ना ३:१७)।अनि येशूबाट मुक्ति पाउँछ भनेर प्रचारप्रसार गर्न उहाँले हामीलाई खटाउनु हुन्छ। त्यसको अर्थ जब हामी येशूभक्त हौँ भनेर दाबी गर्छौं तब उहाँको कामलाई निरन्तरता दिने कर्तव्य हामीले बोकेका हुन्छौं। येशूको काममा सबै मानिसहरूलाई हृदय खोलेर  पूर्ण रूपमा सेवाकार्य गर्ने काम समावेश भएको थियो (मत्ती ९:३५)। उहाँको कामलाई निरन्तरता दिने अपेक्षा मात्र उहाँले हामीबाट गर्नभएको छैन अझ त्यो भन्दा अघि बढ्न उहाँ चाहनुहुन्छ। उहाँले भन्नुभयो "जो व्यक्ति ममाथि आस्था र विश्वास राख्छ त्यसले मैले जे गरेको छु त्यसलाई निरन्तरता दिइने छ। साँच्चिकै भनौं भने अझ त्योभन्दा महान् कामहरू त्यस व्यक्तिबाट सम्पन्न हुनेछ।"(यूहन्ना १४:१२ रूपान्तरित)।

येशूको कामलाई निरन्तरता दिन र त्यो भन्दा बढि काम गर्न उहाँले चेलाहरूलाई पवित्र आत्माद्वारा सुसम्पन्न गर्नुभएको थियो। सृष्टिमा परमेश्वरले आदमलाई जीवनको सास फुकिदिनुभएको थियो (उत्पत्ति २:७)। अब येशूले उहाँको चेलाहरूमा पवित्र आत्मा फुकिदिनुभएको थियो (यूहन्ना २०:२२ रूपान्तरित)। जब परमेश्वरले जीवनरहित माटोलाई जीवनको सास फुकिदिनुभयो तब त्यो माटो जीवित

प्राणी भएको थियो। त्यसरी नै डरले थुरथुर कामेका र उदासिन भएका चेलाहरूमा पवित्र आत्मा आएपछि येशूको कामलाई निरन्तरता दिन प्रभावकारी जीवित साक्षी भएर निस्केका थिए। परमेश्वरले हामीहरूको काँधमाथि राखिदिनुएको जिम्मेवारी पूरा गर्न येशूले दिनुहुने पवित्र आत्माको वरदान अत्यन्त आवश्यक र मूल्यवान छ।

**के तपाईं चर्च जानुहुन्छ र आफूलाई इसाई हुँ भनेर दाबी गर्नुहुन्छ? तब उहाँले उहाँको साक्षी हुन तपाईंलाई बोलाउनुभएको छ। तर तपाईंले केको बारेमा अरूको अगाडि साक्षी दिने? अर्थात् तपाईंले के देख्नुभयो र अनुभव गर्नुभयो जसको बारेमा अरूलाई बाँड्ने सक्षम् हुनसक्नुहुन्छ?**

## ४. अरूलाई येशूभक्त बनाउनु (मत्ती २८:१९)

येशू बौरी उठ्नुभएपछि उहाँले चेलाहरूलाई गालिलीको पहाडमा जान निर्देशन दिनुभएको थियो। त्यहाँ उहाँले तिनीहरूलाई भेट्नुभएको थियो (मत्ती २८:१६ रूपान्तरित)। त्यहाँ केवल एघार जना चेलाहरूमात्र थिएनन् तर पाँचसय भन्दा बेसी उहाँको अनुयायीहरू त्यहाँ थिए (१ कोरन्थी १५:६)। मृत्युमाथि विजय पाउने येशूले तिनीहरूलाई भन्नुभएको थियो "स्वर्ग र पृथ्वीमा सबै अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८ रूपान्तरित)। पृथ्वीमा मानव रूप धारण गर्दा जुन सिमित शक्ति र अधिकारले उहाँले सेवाकार्य गर्नुभएको थियो पुनरुत्थान भएपछि उहाँ त्यस सिमितमा रहनुभएन। उहाँले पाउनुभएको अधिकारलाई नै प्रयोग गरेर उहाँले उहाँका चेलाहरूलाई सुसमाचार सुनाउने लक्ष्यले सुसम्पन्न गर्नुभएको थियो।

चारवटा क्रियापदहरूलाई उल्लेख गरेर येशूले आफ्ना चेलाहरूलाई सुसमाचार सुनाउने महान् निर्देशन दिनुभएको थियोः जाऊ, चेलाहरू बनाउ, बप्तिस्मा देऊ, र सिकाउ। यो दुःखपूर्ण कुरा छ कि कतिपय बाइबलको अनुवादमा ग्रीक शब्द चेला बनाउ केवल क्रियापदमा मात्र सिमित गरिएको छ तर अरू क्रियापदहरू जाउ, बप्तिस्मा देउ र सिकाउ भन्ने शब्दहरू चेला बनाइसकेपछि मात्र के गर्ने भनेर देखाउनेको रूपमा अनुवाद गरिएको छ। त्यसले गर्दा

मानिसहरूको ध्यान केवल चेला बनाउनेमा मात्र पर्छ र अरू कामहरू भने चेला बनिसकेपछि मात्र हुन्छ भन्ने कुरामा जान्छ।

**चेला बनाउन येशूले दिनुभएको निर्देशनलाई पालन गर्ने क्रममा जानु, बप्तिस्मा दिनु र सिकाउनुको महत्त्वपूर्ण भुमिका के छ? हेर्नुहोस्: मत्ती २८:१९,२०** “यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।”

चेला बनाउनु भन्ने येशूको निर्देशनमा अरू तिन क्रियाकलापहरू समावेश भएको छ भनेर देखाइएको छ। ती क्रियाकलापहरू खास क्रमबद्धको रूपमा हुनुपर्छ भन्ने छैन। तर तिनीहरूले एक आपसको काममा समर्थन गर्दछ। विभिन्न ठाउँ र सारा संसारमा प्रचार गर्दा येशूले सिकाउनुभएको सबै कुराहरू सिकाउनुपर्छ, जसले उहाँलाई मुक्तिदाता भनेर ग्रहण गर्छ त्यसलाई बप्तिस्मा दिनुपर्छ र उहाँका सबै निर्देशनहरू पालन गर्न  राजी गराउनुपर्दछ।

जब कोही बप्तिस्मा लिन्छ तब हामी त्यो उत्सबको रूपमा लिन्छौं। हामी खुशी हुन्छौं तर बप्तिस्मा नै इसाई जीवनको अन्त होइन। त्यो केवल अरूलाई चेला बनाउने कामको एक भाग मात्र हो। बप्तिस्मा दिनेमात्र होइन येशूको पछि लाग्न पनि तिनीहरूलाई आह्वान गर्ने काम हाम्रो हो। त्यसको अर्थ उहाँलाई विश्वास गर्नु, उहाँका शिक्षादीक्षाहरू पालन गर्नु, उहाँको जीवनको अनुसरण गर्न राजी हुनु र अरूलाई चेला बनाउने काममा खट्न पनि राजी हुनु हो।

त्यस पदमा भएको "सबै" भन्ने शब्द धेरै महत्त्वपूर्ण छ। किन त? किनभने "सबै अधिकार" उहाँसँग छ, “सबै राष्ट्रहरूमा" गएर प्रचार गर्ने काम हामीलाई जिम्मा दिइएको छ, सुसमाचार सम्बन्धी “सबै कुराहरू" सिकाउन हामीलाई खटाइएको छ र “सधैं वा सबै दिनहरूमा" अर्थात् संसारको अन्त्यसम्म हामीसँग हुने प्रतिज्ञा ख्रीष्टले दिनुभएको छ।

**तपाईंको स्थानीय चर्चको बारेमा सोच्नुहोस्। नयाँ मानिसहरूलाई येशूमाथि विश्वास गर्न आह्वान त गर्नुहुन्छ तर तिनीहरूलाई चेला बनाउन त्यहाँ के गरिएको छ? के गर्नुपर्छ? तपाईंमा के खुबी छ जसले गर्दा सुसमाचार प्रचार गर्ने निर्देशनको त्यस महत्त्वपूर्ण भागलाई अघि बढाउन तपाईंले सहायता गर्न सक्नुहुन्छ?**

## ५. सुसमाचार प्रचारप्रसार (प्रकाश १४:६-२३)

"सारा संसारमा जाऊ। प्रत्येक मानिसलाई सुसमाचार सुनाऊ" भनेर मर्कूसले स्पष्ट शब्दहरूमा सुसमाचार प्रचार गर्ने निर्देशनलाई दुई सरल वाक्यहरूमा उतारेका छन् "मर्कूस १६:१५ रूपान्तरित)। "जाऊ" भन्ने मत्तीले प्रयोग गरिएको शब्द ग्रीक भाषामा प्रयोग गरिएको छ। त्यसको अर्थ काम आफै मात्र नभएर काम सिध्याउने अभियान हो। जब हामीले येशूलाई हामीहरूको मुक्तिदाता भनेर ग्रहण गर्छौं तब हामीहरूलाई जीवनको लक्ष्य बोकाइदिएको हुन्छ। त्यो ग्रीक शब्द केरुसो (kerusso) प्रयोग गरेर आह्वान गरिएको छ। त्यो कडा शब्द हो। त्यसको अर्थ "ठूलो सोरले कराउनु, घोषणा गर्नु, प्रचार गर्नु" हो। मर्कूसले यो शब्द १४ प्रयोग गरेका छन्। त्यो शब्द अरू सुसमाचारको पुस्तकहरूमा भन्दा बढि प्रयोग मर्कूसले प्रयोग गरेको पाइएको छ। चर्च चुप लागेर बस्नु काम छैन तर गएर सुसमाचार प्रचार गर्नै पर्छ।

बाह्र जना चेलाहरूलाई अन्य जाति वा गैर यहूदी र हराएका इस्राएली घरानाका भेँडाहरूकहाँ प्रचार गर्न येशूले आफ्नो सेवाकार्यमा परिचालन गर्नुभएको थियो (मत्ती १०:६)। अब इस्राएलमा मात्र प्रचारप्रसार गर्ने काममा सिमित नराखेर सारा संसारमा सबै मानिसहरूकहाँ जानु भनेर उहाँले निर्देशन दिनुभएको थियो। तर ती एघार जनाले मात्र सारा संसारमा गएर प्रत्येक व्यक्तिलाई सुसमाचार प्रचार गर्ने काम सम्पन्न गर्नु असम्भव थियो। यो काम यति विशाल छ कि त्यो काम गर्न सबै चर्चहरू समावेश हुन आवश्यक छ। सबै युगहरूमा यो काम सम्पन्न गर्न येशूले सबै विश्वासीहरूलाई सुम्पिनु भएको छ। त्यस काममा संलघ्न हुन तपाईंलाई र मलाई पनि अऱ्हाउनुभएको छ।

कुनै स्थानीय स्थानमा मात्र सिमित नराखेर सारा देशहरूलाई समावेश गरेर सुसमाचार प्रचार गर्नुपर्छ भन्ने निर्देशन प्रकाश १४:६-१२मा कसरी प्रकट गरिएको छ? हेर्नुहोस्ः "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने१० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ ।११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

सुसमाचार सबैलाई प्रचार गर्नु भनेको सुन्दैमा स्वःत सबैले त्यो सुसमाचारलाई सबैले ग्रहण गर्छ भन्ने छैन। (बाइबलको विद्यामा सुन्नेलेमात्र मोक्ष वा मुक्ति पाउँछ भनिएको छैन अर्थात् सुनेरमात्र मन पवित्र हुन्छ भन्ने छैन) तर सुनेर जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ त्यसले मुक्ति वा मोक्ष पाउँछ भनिएको छ (मर्कूस १६:१६ रूपान्तरित)। सुन्ने मानिसहरूले सुसमाचार ग्रहण गर्ला भनेर आशा गर्दै हामीहरूले जोशले सुसमाचार प्रचार गर्नुपर्छ सुसमाचारलाई ग्रहण गर्न आग्रह गर्नुपर्छ। यो तितो सत्यलाई स्वीकार्नै पर्छ वा बुझ्नै पर्छ कि धेरैले परमेश्वरको वचनलाई विश्वास पनि गर्दैन र स्वीकार पनि गर्दैनन्। यो तितो सत्यलाई येशूले साँघुरो ढोकाको उपमा दिएर स्पष्ट

पार्नुभएको छ। (परमेश्वरको राज्यमा पस्न साँघुरो ढोकाबाट पस्नुपर्छ अर्थात् अनुशासित येशूनीतिमा हिँड्नुपर्छ। तर फराकिलो ढोका अर्थात् खुलानीति वा मनले जे चाह्यो त्यही गर्ने नीतिमा चल्दा मुक्ति पाइदैन)। हेर्नुहोस्: येशूको उपमा मत्ती ७:१३,१४।

**तर सारा संसारले सुसमाचार सुन्ने अवसर पाउनेछ र त्यो सुनाउने सफलता पनि हुनेछ भन्ने प्रतिज्ञा हामीलाई दिइएको छ भनेर मत्ती २४:१४ कसरी बताउँछ? हेर्नुहोस्: "अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।"**

मर्कूस १६:१५ र मत्ती २४:१५मा उत्साहजनक तुलना हामी पाउँछौं। दुवै पदहरूले सारा संसारमा सुसमाचार सुनाउने कुरा वर्णन गरेको छ। पहिलो पदले सुसमाचार सुनाउने निर्देशन येशूले दिनुभएको थियो भनेर उल्लेख गरिएको छ। तर दोस्रो पदले त्यो सुसमाचार सुनाउने काम पूरा हुनेछ भन्ने प्रतिज्ञा येशूले दिनुभएको छ भनेर बताइएको छ।

**"सुसमाचार सुनाउने कामलाई अघि बढाउने काम पूरा व्यवस्थित ढँगले गर्न येशूले मिलाउनुभएको छ। त्यस कामको सफलताको अभिभारा उहाँले नै लिनुभएको छ। उहाँका अनुयायीहरूले उहाँको वचन पालन गरुञ्जेल र उहाँसँगको मिलोमत्तोमा चलुनञ्जेल त्यो काममा असफलता हुँदैन।"-एलेन जी ह्वाइट, द डिजाइर अभ एजेज्, पृ. ८२२बाट रूपान्तरित। अब हामी सबैको सामु यो प्रश्न खडा भएकोलाई हामीले के गर्ने? त्यस गरिमामय र जरुरी कामको निम्ति हामी परिचालित हुन कत्तिको इच्छा शक्ति हामीमा छ वा परमेश्वरले हामीलाई त्यस कामको निम्ति प्रयोग गर्न दिन हामी कत्तिको चाहन्छौं?**

## उपसंहार:

थपजानकारीको निम्ति एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेजको* पृ. ८१८-८२८को "गो, रिच अल नेसनस्" र *आक्टस् अभ आपोस्टलस्,* पृ. २५-३४को "द ग्रेट कमिसन" पढ्नुहोस्।

"येशूका प्रत्येक सत अनुयायी परमेश्वरको राज्यमा सुसमाचार प्रचार गर्ने लक्ष्य लिएर जन्मेको हुन्छ। जो मानिस येशूबाट दिइने

जीवित पानी पिउँछ त्यो मानिस अरूको निम्ति जीवनको मुहान हुन्छ। जीवनको पानी पाउने व्यक्ति अरूलाई पिउन दिने हुन्छ। येशूलाई ग्रहण गर्ने व्यक्तिमा ख्रीष्टको अनुग्रह तथा सदाशयता मरुभूमिमा पाउने पानीको मुहान जस्तै हो। सबैलाई ताजा बनाउन त्यो बहन्छ। त्यसले गर्दा जीवनको पानी पिउन अत्यन्त उत्सुक हुन्छ र त्यो पाउन मानिस मर्न पनि तयार हुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. १९५बाट रूपान्तरित।

" मुक्तिदाताले सुसमाचार प्रचार गर्न दिनुभएको निर्देशन पालन गर्न चेलाहरूलाईमात्र होइन सबै विश्वासीहरूलाई पनि आह्वान गरिएको छ। प्रथम् शताब्धीका विश्वासीहरूलाई मात्र होइन संसारको अन्तसम्म रहने प्रत्येक विश्वासीको काँधमा सुसमाचार प्रचार गर्ने जिम्मा बोकाइएको छ। यदि सुसमाचार सुनाउने काम केवल पास्टर (र गस्पल वर्क्करहरूको मात्र) हो भन्ने मनस्थितिमा कोही इसाईं हुँ भनेर दावी गर्ने रहन्छ भने त्यो उसकोलागि घाटक हुन जान्छ। ख्रीष्टको जीवन पाउने सबै मानिसहरूलाई तिनीहरूको मित्रहरूको मुक्तिको निम्ति काम गर्न नियुक्त गरिएको छ। त्यही कामको निम्ति चर्चको स्थापना भएको थियो। येशूलाई विश्वास गरेर उहाँको पथमा हिंड्छु भनेर दावी गर्ने प्रत्येक विश्वासीले गरिमामय तथा पवित्र सुसमाचार प्रचार गर्ने काम गर्न शपथ खाएको हुन्छ। यदि आफूले शपथ खाएको अनुसार काम गर्दै कोही विश्वासी हिंड्यो भने ऊ ख्रीष्टसँग सहभागी भएर काम गरेको ठहर्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ८२२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **प्रत्येक मानिस** सारा संसारमा सुसमाचार प्रचार गर्न जान सकिन्दैन। यद्यपि के यस्ता तरिकाहरू छन् जसमा सारा संसार सुसमाचार र तिन स्वर्गदूतका सन्देशहरू प्रचार गर्न हामी सबै जना सहभागी हुन सक्छौं?

आ. तपाईंको शहर र गाउँहरूमा सुसमाचार प्रचार गर्ने काममा तपाईंको चर्च कसरी संलघ्न भइरहेको छ? चर्चको प्रचार

प्रसार गर्ने सेवाकार्यमा सुधार गर्न तपाईँ कसरी सहयोग गर्न सक्नुहुन्छ?

इ. सारा संसारमा सुसमाचार फैलिने छ भनेर येशूले वचन दिनुभएको थियो। उहाँले बोल्नुभएको समयदेखि प्रायजसो सबै मानव इतिहासमा सुसमाचार सुनाउने कामको शैलीमा त्यस्तो खास परिवर्तन आएको थिएन। दुईसय वर्ष अगाडिसम्म सञ्चार माध्यम दुई हजार वर्ष अगाडि भन्दा खास फरक थिएन। तर अहिले त्यो सबै परिवर्तन भएको छ। पचास वर्ष भित्र अत्याधुनिक सञ्चार माध्यमको आविश्कार भएको छ। त्यस अचम्मको प्रविधिलाई अझ राम्रोसँग सिकेर हामीलाई सुमम्पिएको सुमाचार प्रचार गर्ने कामलाई हामीले कसरी अगाडि बढाउन सक्छौं?

ई. विश्वासीहरूको बीचमा आफूहरूले येशूसँग व्यक्तिगत रूपमा अनुभव गरेका अनुभवहरू बाँड्नुहोस्। हामीहरूकै अनुभवहरूलाई येशूको बारेमा सुसमाचार सुनाउन कसरी साक्षी बनाउन सक्छौं? येशू को हुनुहुन्छ भनेर अरूलाई सुनाउन उहाँले अरूलाई के गर्नुभयो भन्दा पनि उहाँले हामीलाई के गर्नुभयो भनेर सुनाउँदा प्रभावकारी किन हुन्छ?